**दूधपोखरी गाउँपालिकाको गाउँसभामा**

गाउँपालिका उपाध्यक्ष क्षेत्र बहादुर गुरुङ द्वारा प्रस्तुत

# दूधपोखरी गाउँपालिकाको बजेट २०८३/८४

दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोर्ने, लमजुङ
गण्डकी प्रदेश, नेपाल

असार ५, २०८३

**<u>सभाका अध्यक्षज्यू,</u>**
**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**
**<u>सम्पूर्ण कर्मचारी वर्गहरु,</u>**
**<u>एवं उपस्थित सम्पूर्ण महानुभावहरु,</u>**

1. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं विभिन्न काल खण्डका ज्ञात अज्ञात शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।
2. संघ, प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व र समन्वय लाई प्रवर्दन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सिंहदरवार गाउँमै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी मांझ आएको छ ।
3. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष सम्म हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदयमान गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।
4. बजेट तर्जुमा गर्दा मैले मूलत: नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक, २०७२ को सिद्धान्त र प्राथमिकता, गाउँपालिका निर्मित विविध कानुनहरु, गाउँकार्यपालिकाका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु । साथै, विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।
5. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व वाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।
6. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएकोछु ।

7. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, परिपूरक कानुन तर्जुमा, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

**<u>सभाका अध्यक्षज्यू,</u>**
**<u>सभाका सदस्यज्यूहरु,</u>**

8. अव म आगामी आर्थिक वर्ष २०८३/८४ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य निम्न अनुसार रहेका छन् :

   1) अर्थतन्त्रलाई थप चलायमान र गतिशील बनाउनु,
   2) जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,
   3) लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु,
   4) कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
   5) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,
   6) स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।
   7) गाउँपालिकाको आर्थिक, सामाजिक विकास गर्न।

9. आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु।

1) सडक, सिंचाई, सूचना प्रबिधि,सञ्चार मार्फत पुर्बाधार विकास,
2) कृषि, पर्यटन तथा वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,
3) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास,
4) वन, वातावरण तथा विपद् व्यवस्थापन, र
5) सुशासन तथा संस्थागत विकास।

**<u>सभाका अध्यक्ष महोदय,</u>**

**<u>सभाका सदस्यज्यूहरु,</u>**

अव म चालु आर्थिक वर्ष २०८२/८३ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

10. चालु आर्थिक वर्षमा ५५ लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म ४६ लाख ४३ हजार ३ सय ६ रुपैया राजस्व संकलन भएको छ ।
11. चालु आर्थिक वर्षको हाल सम्म चालु खर्च रु १८ करोड २६ लाख ७० हजार ८ सय ४२ रुपैया तथा पूँजीगत खर्च रु ७ करोड ५५ लाख ७६ हजार ४ सय ७२ रुपैया गरी जम्मा रु २२ करोड ८२ लाख ३४ हजार ६ सय ६८ रुपैया व्यय भएको छ ।

**<u>सभाध्यक्ष महोदय,</u>**

**<u>सभाका सदस्य ज्यूहरु,</u>**

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**<u>सडक पूर्वाधार</u>**

12. भौगोलिक आवद्धता कायम गर्न, कृषि, जनजीवन सहज गर्न र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी मुख्य सडक र शाखा सडकको स्तरोन्नती कार्यका लागि उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छु ।

**<u>खानेपानी तथा सरसफाई</u>**

13. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु । "**एक घर एक धारा**" कार्यक्रमलाई कार्यान्वयन गर्न दुधपोखरी वृहत खानेपानी योजनाको कामलाई आवश्यक बजेट बिनियोजन गरेको छु।

**<u>ऊर्जा विकास</u>**

14. पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न वैकल्पिक ऊर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइएको छु । उज्यालो गाउँपालिका बनाउने हाम्रो सरकारको प्रतिवद्धतालाई पूरा गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सह-लगानीमा ऊर्जाको उत्पादन, वितरण र व्यवस्थापनमा जोड दिईनेछ । जसका लागि र आवश्यक बजेट बिनियोजन गरेको छु । यसमा अपुग हुने रकम केन्द्र सरकारको सशर्त अनुदान वापत प्राप्त हुने अनुदानको उपयोग गरिनेछ ।

**<u>पर्यटन</u>**

15. उच्च आर्थिक वृद्धि, उत्पादक, रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुर्याउने प्रतिस्पर्धी क्षेत्रको रुपमा अथाह संभावना बोकेको पर्यटन क्षेत्रको विकासलाई मैले जोड दिएको छु । साथै बुद्ध हिमाल- हिमालचुली ग्रेट लेक्स सर्किट ट्रेलको लागि साझेदारीमा काम गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**कृषि तथा सहकारी क्षेत्र**

16. नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धी गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि उन्नत बीउविजन, मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्न तथा रासायनिक मलको उचित ब्यबस्थापनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।
17. पशुपालनको प्रचुर सम्भाव्यता रहेको यस गाउँपालिकामा कृषकलाई व्यवसायिक पशुपालन तर्फ आकर्षित गर्न भेडा, बाख्रा, भैंसी, कुखुरा, बंगुर लगायतका पशुपालन कार्यको लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।
18. पशुहरुको स्वास्थ्यलाइ मध्यनजर गर्दै मेडिकल उपचार माइनर सर्जिकल, आन्तरिक तथा वाहिरी परजीवि नियन्त्रण, गोवर परिक्षण, थुनेलो परिक्षण, छाला रोग निदान गर्न उपचार सेवा र प्रयोगशाला कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु । साथै पशु खोर निर्माण तथा सुधारको लागि बजेट ब्यबस्थापन गरेको छु ।
19. सबै कृषकहरुमा सरुवा रोग सम्बन्धी ज्ञान वृद्धि गर्नका लागि यसै वर्षबाट सुरु हुने गरि सरुवा रोग सम्बन्धी स्कुल कार्यक्रम सुरु गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । कृषकको खेतीपातीलाई बन्यजन्तु तथा बाँदरको क्षतिबाट बचाउन साथै वडा नं १ मा रहेको जडिबुटीको नियन्त्रण र सम्बर्द्धनमा आवश्यक आवश्यक बजेटको ब्यबस्थापन गरेको छु ।
20. कफी, अलैंची र चियापत्ती खेति प्रवर्दनको लागि निजि तथा अन्य संघ संस्था संग साझेदारीमा काम गर्ने गरी लगानीको लागि आव्हान गरिनेछ ।

**वन, वातावरण र विपद व्यवस्थापन**

21. जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग सम्वन्धी कार्यक्रमका संचालन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**22. शिक्षा,युवा तथा खेलकुद**

23. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
24. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
25. आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन, अभिभावक शिक्षक कार्यक्रम, बाल सहजकर्ता तालिम, नेतृत्व विकास तालिम समेतका लागि गाउँपालिकाको शिक्षा शाखामा उल्लेखनीय बजेट विनियोजन गरेको छु ।
26. कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरूलाई निशुल्क दिवा खाजा वितरण र कक्षा ११ र १२ को मासिक शुल्क अनुदान कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**स्वास्थ्य**

27. विकासको साध्य र साधन दुवै नागरिकनै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु ।
28. गाउँपालिका भित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाबाट प्रदान गर्न तोकिएका आधारभूत स्वास्थ्य सेवा भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यक्रमका लागि गाउँपालिकाको स्वास्थ्य शाखा लाई आवश्यक रकम विनियोजन गरेको छु ।

29. स्वास्थ्यजन्य सामग्रीको कमि नहोस भनेर औषधिजन्य र सर्जिकल सामग्री खरिद गर्न तथा गाउँघर क्लिनिक संचालनको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
30. गाउँघर क्लिनिक संचालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
31. यस गाउँपालिकामा अवस्थित गौंडा प्राथमिक स्वास्थ्य केन्द्र र बिचौरमा रहेको बर्थिंग सेन्टरमा आई सुरक्षित सुत्केरी भए बापत एकमुष्ठ ५ हजार दिने गरि बजेट विनियोजन गरेको छु ।

**सूचना प्रबिधि**

32. यस गाउँपालिकामा सूचना तथा प्रबिधिलाई समयानुकुल चुस्त-दुरुस्त बनाउन, आवश्यक सामान खरिद, मर्मत सम्भार तथा व्यवस्थापनका लागि आवश्यक बजेटको ब्यबस्थापन गरेको छु ।

**सामाजिक संरक्षण र नागरिक संरक्षण**

33. गाउँपालिकामा जेष्ठ नागरिक, अपाङ्ग, महिला, बिपन्न तथा दलितहरुको आर्थिक र सामाजिक उत्थानको लागि जनचेतना तथा आय आर्जनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**संस्कृति**

34. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्नका लागि विभिन्न जातजातीहरुको संस्कार तथा धार्मिक स्थलहरुको सम्बर्धन र पूर्वाधार निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

35. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था संग सहलगानीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
36. आगामी आर्थिक वर्ष २०८३/८४ मा विभिन्न विषय क्षेत्रगत आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट अनुसूचीमा समावेश गरेको छु ।
37. यस गाउँपालिकामा आवश्यक २ थान दुइ पांग्रे सवारीसाधन खरिदको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

38. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ४० करोड ८४ लाख ५२ हजार ३ सय ४६ रुपैया रकम खर्च हुने अनुमान गरेको छु ।
39. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक, २०८३ संगै पेश गरेको छु ।
40. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७ करोड ३४ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रु ७ करोड ५५ लाख ३६हजार रुपैया, सशर्त अनुदान र १७ करोड ३ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७५ लाख ९० हजार, प्रदेश राजश्व वाँडफाँड रु ७३ लाख २६ हजार ३ सय ४६ रुपैया, संघिय समपुरक २ करोड ३३ लाख, प्रदेश समपुरक ६० लाख, प्रदेश बिशेष ४० लाख, आन्तरिक आय ६० लाख र आन्तरिक मौज्दातबाट अनुमानित ३ करोड ५० लाख उपयोग गरिनेछ ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८३/८४ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

41. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

42. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।
43. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।
44. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।
45. गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई अनुगमन गरि करको दायरामा ल्याईनेछ ।
46. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०८३ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०८३ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यहरु,

47. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।
48. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।
49. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै, मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई **"समृद्ध दुधपोखरी, सुखी दुधपोखरीबासी"** निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आब्हान गर्दछु ।

धन्यवाद!

जय दुधपोखरीवासी!
जय दुधपोखरी गाउँपालिका!
क्षेत्र बहादुर गुरुङ
दुधपोखरी गाउँपालिका